जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २८ •अंक १४६ • २०८३ साल आश्विन २७ गते मंगलबार (13 October, Tuesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

### अनलाइन ठगीको जालो पर्दाफास

## बैंक तथा ई–सेवाको कर्मचारी बनेर लाखौं ठगी, तीन जना पक्राउ

**दिलिप पाण्डे**

रौतहट । बैंक तथा इ-सेवाका कर्मचारी भएको भन्दै केवाइसी अपडेट गर्ने बहानामा सर्वसाधारणको बैंक खाता तथा डिजिटल वालेटमा अनधिकृत पहुँच पुऱ्याएर करिब ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा रौतहट प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय गौरमा सोमबार आयोजित पत्रकार सम्मेलनमा रौतहट प्रहरी प्रमुख एसपी सीताराम रिजालले अनलाइन ठगीसम्बन्धी घटनाको अनुसन्धानका क्रममा तीन जनालाई पक्राउ गरिएको जानकारी दिए । पीडितहरूले दिएको उजुरीका आधारमा अनुसन्धान गर्दै जाँदा गत असोज २३ गते दिउँसो ४ बजे गौर नगरपालिका-३ को पोखरिया टोल र वडा नं. ५ को कोइरी टोलमा छापा मारेर उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा भारतको बिहार राज्यअन्तर्गत सीतामढी जिल्लाको बैगनिया घर भइ गौर नगरपालिका-३ मा डेरा गरी बस्ने २४ वर्षीय मोहम्मद साहिल, सोही स्थानमा बस्ने २२ वर्षीया सलोनी कुमारी सोनी र गौर नगरपालिका-५ का १८ वर्षीय नितेश कुशवाहा रहेका छन् । उनीहरूलाई प्रहरीले सोमबार सार्वजनिक गरेको छ।

एसपी रिजालले पक्राउ परेकाहरूमाथि ठगी तथा संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको जानकारी दिए।



उनको अनुसार हालसम्म केवाइसी अपडेट गर्नुपर्ने भन्दै भुक्याएर ठगी गरिएको सम्बन्धमा २२ वटा उजुरी प्राप्त भएको छ । प्रारम्भिक अनुसन्धानबाट ४९ लाख ८७ हजार ३३३ रुपैयाँ ठगी भएको खुलेको एसपी रिजालले जनाए।

ठगी भएको रकमको थप विवरण संकलन गर्ने तथा अन्य पीडितको पहिचान गर्ने काम भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीले सार्वजनिक गरेको प्रारम्भिक अनुसन्धान विवरण अनुसार आरोपितहरूले योजनाबद्ध रूपमा समूह बनाएर काम बाँडफाँड गर्ने गरेको पाइएको छ। उनीहरूले विभिन्न मोबाइल नम्बरमा सम्पर्क गरी सम्बन्धित व्यक्तिले मोबाइल बैंकिङ प्रयोग गर्ने गरे-नगरेको पत्ता लगाउने प्रयास गर्थे।

मोबाइल बैंकिङ प्रयोग गर्ने व्यक्तिको नम्बर यकिन गरेपछि आफू बैंक वा ई-सेवाको कर्मचारी भएको बताउँदै केवाइसी अपडेट गर्नुपर्ने बहानामा फोन तथा ह्वाट्सएपमार्फत सम्पर्क गर्ने गरेको प्रहरीको भनाइ छ।

त्यसपछि भिडियो कल गरी पीडितलाई मोबाइलको स्क्रिन सेयर गर्न लगाउने र गुगल फारम भराएर बैंकिङसम्बन्धी विवरण प्राप्त गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको एसपी रिजालले बताए।

प्रहरीले पक्राउ परेका व्यक्तिहरूको साथबाट तथा सम्बन्धित स्थानमा खानतलासी गर्दा एक लाख ६२ हजार २१० नेपाली रुपैयाँ र तीन हजार २३६ भारतीय रुपैयाँ बरामद गरेको छ।

त्यसैगरी, सात थान मोबाइल, ११ थान सिमकार्ड, विभिन्न बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरिएका ३० थान भौचर, तीन थान एटीएम कार्ड, तीन थान चेकबुक, एक थान पेनड्राइभ र दुई थान मेमोरी कार्ड बरामद गरिएको एसपी रिजालले बताए।

त्यस्तै प्रभु बैंकको १६ हजार रुपैयाँको एक थान चेक, ग्लोबल आईएमई बैंकको २० लाख रुपैयाँको एक थान चेक तथा विभिन्न बैंकिङ विवरण उल्लेख गरिएकाकागजातसमेतनियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

## दशैंको तेस्रो दिनः माता चन्द्रघण्टाको पूजा-आराधना

**टुडे समाचारदाता**

जनकपुरधाम । बडा दशैंको तेस्रो दिन मंगलबार माता दुर्गाको नवदुर्गामध्ये तेस्रो स्वरूप माता चन्द्रघण्टाको पूजा-आराधना गरिँदैछ। यस अवसरमा बिहानैदेखि देशभरका विभिन्न शक्तिपीठ तथा देवी मन्दिरमा दर्शन र पूजाआजाका लागि श्रद्धालु भक्तजनको भीड लागेको छ।

नवरात्रभर नवदुर्गा भवानीको विधिपूर्वक पूजा-आराधना गर्ने धार्मिक परम्परा अनुसार तेस्रो दिन माता चन्द्रघण्टाको पूजा गरिन्छ । धार्मिक मान्यताअनुसार नवरात्रको अवधिमा श्रद्धा र भक्तिपूर्वक व्रत बसी देवीको आराधना गर्दा मनोकामना पूरा हुने विश्वास गरिन्छ।

हिन्दू धर्मावलम्बीले विधिपूर्वक घरघरमा घटस्थापना गरेसँगै नवरात्र शुरु भएको छ । घटस्थापनादेखि विजयादशमीसम्मको अवधिलाई नवरात्र भनिन्छ । यस अवधिमा देवी दुर्गाका विभिन्न स्वरूपको विशेष पूजा-आराधना गरिन्छ।



नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा गर्ने परम्परा छ।

दशैंलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाइन्छ। धार्मिक ग्रन्थ अनुसार देवी दुर्गाले चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तबीजलगायतका राक्षसको वध गरी दुष्ट शक्तिमाथि विजय प्राप्त गरेको प्रसङ्गसँग जोडेर नवरात्रमा देवीका विभिन्न स्वरूपको विशेष पूजा गरिन्छ।

नवरात्रभर दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत तथा देवीसम्बन्धी विभिन्न स्तोत्र र स्तुतिको पाठ गर्ने प्रचलन छ। यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती र पलाञ्चोक भगवतीलगायत देशभरका प्रसिद्ध शक्तिपीठमा पूजाआराधना तथा दर्शनका लागि भक्तजनको घुइँचो लाग्ने गर्दछ।

घटस्थापनाका दिन छरेर उमारिएको जमरा विजयादशमीका दिन देवीको प्रसादका रूपमा ग्रहण गर्ने तथा मान्यजनबाट टीका, जमरा र आशीर्वाद लिने परम्परा रहिआएको छ।

## कांग्रेसको मतगणना जारीः सहमहामन्त्रीमा कडा प्रतिस्पर्धा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको १५ औं महाधिवेशनको मतगणना जारी नै छ। यसैबीच हालसम्म सार्वजनिक भएको मतपरिणाम अनुसार सभापतिमा ६,५८४ मतले गगनकुमार थापा निर्वाचित भएका छन्।

त्यस्तै वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध निर्वाचित भएका छन्।

त्यसैगरी खुल्ला उपसभापतिहरूमा ३,७३५ मतले ल्याएर चन्द्र भण्डारी र २,३४२ मत मत ल्याइ मधु आचार्य निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ।

त्यस्तै समावेशी उपसभापतिमा १,७४५ मत ल्याइ व्यवसायी विनोद चौधरी निर्वाचित भएका छन्।

त्यसैगरी खुल्ला महामन्त्रीहरूमा प्रदीप पौडेलले ४,१९४ मत र उदयशमशेर राणाले २,३३० मत ल्याइ निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ।

त्यस्तै महिला महामन्त्रीमा ३,११८ मत ल्याइ डिला संग्रौला निर्वाचित भएकी छन्।

यता सहमहामन्त्रीहरुको मतगणना जारी नै रहेको छ। जसमा मधेशी तर्फ भने कडा प्रतिस्पर्धा रहेको छ। सबैभन्दा बढी मधेशी क्लस्टरमै आठ/आठ जना उम्मेदवार रहेको छ।

निर्वाचन समितिका सदस्यसमेत रहेका अधिवक्ता राजु कटुवालले २३ वटा मतगणना स्थलहरूबाट मतगणना कार्य भइरहेको जनाएको छ।








अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विपद्‌माथि विपद्

नेपालमा पछिल्लो डेढ महिना भित्र दुई प्रलयकारी बाढीले जनधनको ठूलो क्षति गरेको छ । भोटेकोशीमा विनाशकारी बाढीले दिएको पीडा सेलाउन नपाउँदै बुढीगण्डकीको बाढीले थप विनास गरेको छ । हुन त भोटेकोशीको बाढीले गरेको जनधनको क्षति भन्दा बुढीगण्डकीको बाढीबाट भएको क्षति केही कम छ । तर दुबै एउटै प्रकृत्तिको प्रलय थियो । बुढीगण्डकीको बाढीबाट जोगिन समयमै सूचना प्रवाह भएकोले मानवीय क्षति धेरै कम भयो । मानवीय क्षतिलाई कम गर्न समयमै प्रशारण गरिएको सूचना अत्यन्त प्रभावकारी रह्यो । तर भौतिक क्षतिलाई कम गर्न सम्भव थिएन । कयौँ पुल, घर, कार्यालयमा भारी क्षति पुगेको छ । कयौँ पुल बगेको नै छ । कयौं पुलमा क्षति पुगेको छ । प्रलयकारी बाढीको कारण गोरखा जिल्लाको केही पालिका सडक सम्पर्कबाट अलगिएका छन् । सरकारी तथ्यांकहरुको अनुसार पाँच जना मानिस हराइरहेका छन् । समयमै खोजी, उद्धारको कार्य भएकोले पचास जनाको हाराहारीमा सेनाले उद्धार गरे । कयौँ मानिसहरुलाई सुरक्षित स्थानमा पुऱ्याइने काम भयो । जलविद्युतका कर्मचारीहरुले समयमै सूचना पाएर सुरक्षित स्थलमा जान सफल भए । बुढी गण्डकीको बाढीको बहाव अत्यन्त तीव्र र विनाशकारी थियो । बाढी बगेको बाटोमा पर्ने बस्तीहरुमा ठूला क्षति गरेको छ। नदीको पूलहरु बगेकाले आउजाउ गर्न समेत समस्या भएको छ । हुन त गतवर्ष पनि असोज महिनामा विनाशकारी बाढी आएको थियो । त्यसबाट पनि जनधनको क्षति पुगेको थियो । पछिल्लो पटक भदौ र असोजमा आएको बाढीले दसैंको उल्लासलाई समेत कम गरेको छ । सयौँ घरमा दशैं मनाउने अवस्था छैन । सर्वसाधारण अझै त्रासमा छन् । उनीहरु बासस्थानमा पनि सुरक्षित महसुस गरिरहेका छैनन् । छाक टार्न समस्या छ । सरकारले खोजी, उद्धार र राहतलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । विपद् व्यवस्थापन प्राधिकरणको सक्रियता पनि देखिएको छ । प्रभावित क्षेत्रमा तत्काल पुऱ्याइएको सहायताले पीडितहरुलाई राहत भएको छ । हिमाली र पहाडी भेगका बासिन्दाहरुमा भने अब बाढी र पहिरोको त्रास बसेको छ । उनीहरुको मनमा बसेको त्रासले अब फेरि त्यही क्षेत्रमा बसोबास गर्नेहरुको संख्या घट्ने छ । सुख्खा पहिरोले नदीको मुहान थुनिदा प्रलयकारी बाढी आएको हो । अझै पनि केही हिमताल र केही नदीहरुको कारण पहाडी र हिमाली क्षेत्रमा उच्च जोखिम छ । हिमाली क्षेत्रमा जम्मा भएको पानी र हिउँ पग्लिने क्रम बढेकोले माथि देखि तल्लसम्मको भूभागका बासिन्दाहरुको जनधन असुरक्षित रहेको छ । विपद्‌बाट हुने जनधनको क्षतिलाई न्यून गर्न सरकारी र गैरसरकारी स्तरबाट अझ प्रभावकारी कदम चाल्न आवश्यक छ । विपद् व्यवस्थापनमा सबै पक्षको सक्रियता, सतर्कता आवश्यक छ ।

# बाघमा सवार माँ चन्द्रघण्टा

*पिण्डजप्रवरारूढा चण्डकोपास्त्रकेर्युता ।*
*प्रसादं तनुते मह्यं चंद्रघण्टेति विश्रुता ॥*

बडा दशैंमा घटस्थापना भएको तेस्रो दिन माँ चन्द्रघण्टाको पूजा गरिन्छ । नवरात्रिको तेस्रो दिन माँ चन्द्रघण्टाको पूजा र व्रत वस्ने गरिन्छ ।चन्द्रघण्टा माताको यो स्वरुपलाई शुद्ध आत्माले पूजागर्दा रोग हटछ र स्वस्थ्य भईन्छ । शत्रुहरुसित भय हुँदैन र दीर्घायुको वरदान प्राप्ती हुन्छ ।यसको साथै माँ आध्यात्मिक शक्ति, आत्मविश्वास र आत्मामाथि नियन्त्रणपनि बढाउछिन् । पहिलो दिन पूजा हुने माँ शैलपुत्री र दोस्रो दिन पूजा हुने माँ ब्रम्हचारिणी भन्दा फरक रुपमा माँ चन्द्रघण्टाको पुजा हुन्छ ।माता चंद्रघंटा शेरमाथि सवार रहनु हुन्छ ।उहाँको दशवटै हातमा विभिन्न अस्त्र शस्त्रहरु रहेका छन् ।माताको टाउकोमा चन्द्रमा विराजमान रहेकाल उहाँको यो स्वरुप अत्यन्त सुन्दर रहेको छ ।चन्द्रमा टाउकोमा विराजमान रहेकै कारण उहाँको नाम चन्द्रघण्टा परेको छ ।



तेस्रो दिन मणिपुर चक्रलाई प्रबल बनाउन साधना गरिन्छ । मन, कर्म, वचन शुद्ध गरी पूजा गर्नेहरुको सबै पाप समाप्त हुने धार्मिक विश्वास छ ।

देवीको यो स्वरूप परम शांतिदायक र कल्याणकारी रहेको छ । त्यसैले भनिन्छ हामी निरन्तर उहाँका पवित्र विग्रहलाई ध्यानमा राखेर साधना गर्नु पर्छ ।

उहाँको ध्यान गर्नु हाम्रो जिवनकाल र परलोक दुवैका लागि कल्याणकारी र सद्‌गति दिने हुन् ।माताको निधारमा घण्टाको अधार जस्तै चन्द्र रहेको छ ।चन्द्रघण्टा माता कल्याणकारी र सुख प्रदायणी हुन् । माता चन्द्रघण्टाको रंग स्वर्ण झै अत्यन्त चम्किलो हो ।दश हात भएकी माता चन्द्रघण्टाको सबै हातमा अस्त्र शस्त्र विभूषित छन् ।सिंहमाथि सवार माता चन्द्रघण्टाको घण्टीको ध्वनीले भयानक अत्याचारी राक्षत, दानव, दैत्य थर्कमान हुन्छ ।उहाँको घण्टाको आवाजले सन्त, ऋषीमुनी, देवी देउताहरुको आत्मविश्वास बढछ ।

तेस्रो दिन हुने पूजाको आफ्नै महत्व छ । माता चन्द्रघण्टाको कृपाले साधकहरुलाई अलौकिक वस्तुहरुको दर्शन हुन्छ ।दिव्य सुगन्धित अनुभूती हुन्छ ।कयौं किसिमका ध्वनीहरु सुनिन्छ ।यस्तो क्षणमा साधकहरुलाई अत्यन्त सावधान रहनु पर्छ ।माँ चन्द्रघण्टाको अराधनाल साधकहरुलाई वीरता, निर्भयता, सौम्यता र विनम्रताको विकास हुन्छ ।

त्यसकारण हामीले मन, वचन र कर्मले साथै जिउलाई विहित विधि-विधान अनुरुप परिशुद्ध-पवित्र गरी चंद्रघंटामाताको शरणागत भै उपासना-आराधना गर्नुपर्छ ।

विधिविधान पूर्वक साधनागर्दा सबै कष्टबाट मुक्ती पाउनुका साथै सहज ढंगले परम पदका अधिकार बन्न सकिन्छ ।माता चन्द्रघण्टा अत्यन्त कल्याणकारी हुन् ।

# भारतमा चर्कंदै युवा असन्तुष्टि : मोदी सरकारलाई “कक्रोच” आन्दोलनको चुनौती कति ?



बुद्धिसागर मरासिनी

भारतमा युवा असन्तुष्टि फेरि सडकमा देखिएको छ। राजधानी नयाँदिल्लीमा शनिबार (अक्टोबर १० मा) ‘कक्रोच’ आन्दोलनले प्रदर्शन गर्न खोजेपछि प्रहरीले यसका संस्थापक अभिजित दिप्केसहित कैयौं प्रदर्शनकारीलाई नियन्त्रणमा लिएको छ । मतदाता सूचीबाट ठूलो संख्यामा नाम हटाइएको विवादलाई लिएर सुरु भएको यो प्रदर्शनले निर्वाचन आयोगको निष्पक्षता र नागरिकको मतदान अधिकारमाथि बहस चर्काएको छ।

प्रदर्शन रोक्न दिल्लीमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । केही मेट्रो स्टेसन बन्द गरिएका छन् भने मोबाइल इन्टरनेट सेवामा समेत प्रतिबन्ध लगाइएको विवरण सार्वजनिक भएका छन् ।

आन्दोलनकारीले प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा मागेका छन् । उनीहरूको आरोप छ- मतदाता सूची पुनरावलोकनका नाममा योग्य नागरिकलाई मतदानको अधिकारबाट वञ्चित गरिएको छ। निर्वाचन आयोगले भने सूची अद्यावधिक गर्ने क्रममा मृत्यु भएका, स्थानान्तरण भएका, फेला नपरेका तथा दोहोरो नाम दर्ता भएका व्यक्तिहरूको विवरण हटाइएको बताएको छ।

तर, के यो आन्दोलन मतदाता सूचीको विवादमा मात्र सीमित छ ? कि बेरोजगारी, अवसरको अभाव र राजनीतिक नेतृत्वप्रतिको असन्तुष्टिले भारतमा नयाँ युवा विद्रोहको रूप लिँदै छ ? बंगलादेश र नेपालमा युवा आन्दोलनले राजनीतिमा पारेको प्रभावपछि भारतको यो घटनाले दक्षिण एसियामा युवा आक्रोशको राजनीतिक शक्ति कति बढ्दै छ भन्ने प्रश्न फेरि उठाएको छ।

‘कक्रोच’ आन्दोलनको सुरुवात भारतका प्रधानन्यायाधीश सूर्यकान्तको एउटा विवादास्पद टिप्पणीबाट भएको थियो । १५ मे २०२६ मा सर्वोच्च अदालतमा एक मुद्दाको सुनुवाइका क्रममा उनले बेरोजगार युवामध्ये केहीलाई ‘कक्रोच’ (साङ्लो) र ‘परजीवी’ सँग तुलना गर्दै उनीहरू विभिन्न पेसामा अवसर नपाएपछि सञ्चारमाध्यम, सामाजिक सञ्जाल र अन्य अभियानमार्फत संस्थामाथि प्रश्न उठाउन थालेको टिप्पणी गरेका थिए।

उक्त टिप्पणीपछि सामाजिक सञ्जालमा व्यापक असन्तुष्टि देखियो । त्यसैलाई व्यङ्ग्यात्मक रूपमा चुनौती दिँदै अमेरिकामा अध्ययनरत भारतीय विद्यार्थी अभिजित दिप्केले ‘कक्रोच जनता पार्टी’ नामको अभियान सुरु गरे । बेरोजगार र अवसरबाट वञ्चित युवालाई ‘कक्रोच’ भन्दै एकजुट हुन आह्वान गरिएको यो अभियान छोटो समयमै चर्चामा आयो।

सामाजिक सञ्जालबाट सुरु भएको अभियान त्यसपछि सडकमा पुग्यो। भारतमा प्रश्नपत्र चुहावट, परीक्षामा अनियमितता र नतिजासम्बन्धी विवाद चर्किएपछि आन्दोलनकारीले शिक्षामन्त्री धर्मेन्द्र प्रधानलाई राजीनामा दिन बाध्य बनाए । शिक्षा प्रणालीप्रति युवाको असन्तुष्टिलाई राजनीतिक बहसको विषय बनाउँदै आएको यो समूहले अहिले निर्वाचन आयोगको कामकारबाहीलाई निसाना बनाएको छ।

अहिले ‘कक्रोच’ आन्दोलनको मुख्य मुद्दा मतदाता सूची पुनरावलोकन बनेको छ। ठूलो संख्यामा मतदाताका नाम हटाइएको विवादलाई लिएर आन्दोलनकारीले प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा मागिरहेका छन् ।

मतदाता सूची अद्यावधिक गर्ने प्रक्रियाले योग्य नागरिकको मतदान अधिकार प्रभावित पार्ने उनीहरूको दाबी छ। यसरी प्रधानन्यायाधीशको टिप्पणीबाट सुरु भएको व्यङ्ग्यात्मक अनलाइन अभियान बेरोजगारी र शैक्षिक अनियमितताविरुद्धको आन्दोलन हुँदै अहिले निर्वाचन प्रक्रियाको निष्पक्षता र नागरिकको मतदान अधिकारसँग जोडिएको छ।

भारतको निर्वाचन आयोगले मतदाता सूचीको विशेष पुनरावलोकन प्रक्रिया अघि बढाएपछि १ करोड ३० लाख मतदाताको नाम हटाइएको विषय विवादको केन्द्रमा छ।

यस प्रक्रियाअन्तर्गत हटाइएका नामको संख्याबारे सार्वजनिक विवरणमा फरक-फरक तथ्यांक उल्लेख भएका छन् । त्यसैले नाम हटाइएको संख्यालाई एउटै निश्चित तथ्यका रूपमा प्रस्तुत गर्नुअघि सम्बन्धित राज्य, पुनरावलोकनको चरण र निर्वाचन आयोगको आधिकारिक विवरणबाट पुष्टि गर्न आवश्यक छ।

निर्वाचन आयोगका अनुसार मतदाता सूची अद्यावधिक गर्दा मृत्यु भएका, स्थायी रूपमा अन्यत्र सरेका, फेला नपरेका र दोहोरो रूपमा दर्ता भएका व्यक्तिहरूको नाम हटाउनुपर्ने हुन्छ । आयोगले आवश्यक प्रक्रिया पूरा गरेर योग्य मतदाताले आफ्नो नाम सूचीमा समावेश गराउन सक्ने बताउँदै आएको छ।

तर, विपक्षी दल र आन्दोलनकारीले पुनरावलोकन प्रक्रियाको पारदर्शिता र त्यसले योग्य मतदाताको अधिकारमा पार्न सक्ने प्रभावमाथि प्रश्न उठाएका छन् । उनीहरूको आशंका छ- सूचीबाट नाम हटाउने क्रममा वास्तविक मतदातासमेत छुटेका हुन सक्छन्, जसले उनीहरूको मतदान अधिकार प्रभावित पार्नुका साथै चुनावी प्रतिस्पर्धामा सत्तारूढ भारतीय जनता पार्टीलाई फाइदा पुऱ्याउन सक्छ।

यद्यपि, मतदाता सूचीबाट नाम हटाइएको तथ्यले मात्रै ती सबै व्यक्ति मतदानका लागि योग्य थिए वा उनीहरूलाई नियोजित रूपमा अधिकारबाट वञ्चित गरिएको थियो भन्ने प्रमाणित गर्दैन । त्यसका लागि हटाइएका नामको विवरण, पुनरावलोकनको प्रक्रिया र प्रभावित मतदाताको वास्तविक अवस्थाको निष्पक्ष जाँच आवश्यक हुन्छ।

त्यसैले अहिलेको विवाद नाम हटाइएको संख्यामा मात्र सीमित छैन । मुख्य प्रश्न योग्य मतदाताको नाम गलत रूपमा हटाइएको छ कि छैन, त्यसको पहिचान र सच्याउने प्रक्रिया कति सहज छ र निर्वाचन आयोगले आफ्नो निर्णयबारे कति पारदर्शी रूपमा जवाफ दिन्छ भन्ने हो । लोकतान्त्रिक निर्वाचनमा मतदाता सूचीको शुद्धता जति महत्त्वपूर्ण छ, त्यसप्रति नागरिकको विश्वास कायम रहनु पनि उत्तिकै आवश्यक हुन्छ।

शनिबारको प्रदर्शन रोक्न दिल्लीमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । आन्दोलनका संस्थापक अभिजित दिप्केसहित अगुवाहरूलाई नियन्त्रणमा लिइएको छ। प्रदर्शनस्थलतर्फ जाने बाटोमा अवरोध खडा गरिएको, केही मेट्रो स्टेसन बन्द गरिएको र मोबाइल इन्टरनेट सेवामा प्रतिबन्ध लगाइएको विवरणसमेत आएका छन् ।

प्रहरीले प्रदर्शनका लागि आवश्यक अनुमति नलिइएको र सार्वजनिक सुरक्षा कायम गर्नुपर्ने कारण देखाएको छ। आन्दोलनकारीले भने शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउनु नागरिकको अधिकार भएको बताएका छन् ।

यहाँ दुईवटा विषय महत्त्वपूर्ण छन् । पहिलो, सार्वजनिक सुरक्षा कायम गर्नु राज्यको जिम्मेवारी हो । दोस्रो, शान्तिपूर्ण विरोध र असहमतिलाई व्यवस्थापन गर्ने नाममा नागरिकको अभिव्यक्ति तथा भेला हुने अधिकार अनावश्यक रूपमा सीमित हुनु हुँदैन ।

प्रदर्शन रोक्न अपनाइएका उपायले आन्दोलन तत्काल नियन्त्रण गर्न सक्लान् । तर, मतदाता सूचीको विवाद र निर्वाचन आयोगको निष्पक्षतासम्बन्धी प्रश्नको जवाफ दिन सकिएन भने असन्तुष्टि थप फैलिन पनि सक्छ।

तत्कालै ‘कक्रोच’ आन्दोलनले नरेन्द्र मोदी सरकारको सत्ता परिवर्तन गराउने अवस्था देखिँदैन। तर, बेरोजगारी र परीक्षासम्बन्धी असन्तुष्टिबाट सुरु भएको अभियान निर्वाचन प्रक्रियाको विश्वसनीयतासम्म पुगेपछि यसलाई सामान्य विरोध प्रदर्शनका रूपमा मात्र हेर्न मिल्दैन । आन्दोलनले व्यापक जनसमर्थन जुटाउन सकेमा सरकारसँगै निर्वाचन आयोगमाथि पनि राजनीतिक र सार्वजनिक दबाब बढ्न सक्छ।

निर्वाचन आयोग भारतको संवैधानिक संस्था भएकाले आयोगको कामकारबाहीमाथि उठेका प्रश्न र केन्द्र सरकारको प्रत्यक्ष राजनीतिक जिम्मेवारीलाई एउटै विषयका रूपमा बुझ्नु उचित हुँदैन ।

तर, मतदाता सूचीको पुनरावलोकन निष्पक्ष र पारदर्शी नभएको आशंका व्यापक बन्दै गएमा त्यसको असर निर्वाचन आयोगको विश्वसनीयतामा मात्र सीमित नहुन सक्छ। यसले चुनावी प्रतिस्पर्धा, सत्तारूढ दलको राजनीतिक छवि र निर्वाचन प्रक्रियाप्रतिको जनविश्वासलाई समेत प्रभावित पार्न सक्छ।

यस आन्दोलनको राजनीतिक प्रभाव मुख्यतः तीनवटा पक्षमा निर्भर हुनेछ। पहिलो, दिल्लीमा देखिएको असन्तुष्टि अन्य राज्यका युवामाझ पनि फैलिन्छ कि फैलिँदैन ? दोस्रो, मतदाता सूचीबाट योग्य नागरिकका नाम हटाइएको विषयमा ठोस प्रमाण सार्वजनिक हुन्छन् कि हुँदैनन् ? तेस्रो, विपक्षी दलहरूले यस मुद्दालाई प्रभावकारी रूपमा उठाउँदै व्यापक जनसमर्थन जुटाउन सक्छन् कि सक्दैनन् ?

विशेषगरी सन् २०२७ मा महत्त्वपूर्ण राज्यमा हुने निर्वाचनअघि यो विवाद चर्किरहेमा भाजपाका लागि राजनीतिक चुनौती बन्न सक्छ । विपक्षी दलहरूले मतदाता अधिकार र निर्वाचन आयोगको निष्पक्षतालाई चुनावी मुद्दा बनाउन सक्छन् । तर, आन्दोलनले उठाएका प्रश्न र त्यसको राजनीतिक असरबीचको सम्बन्धलाई ठोस प्रमाण तथा घटनाक्रमका आधारमा मूल्यांकन गर्नुपर्ने हुन्छ।

अर्कोतर्फ, सामाजिक सञ्जालमा लोकप्रिय हुनु र देशव्यापी राजनीतिक शक्ति बन्नु फरक कुरा हुन् । अनलाइन अभियानले छोटो समयमा ठूलो ध्यान आकर्षित गर्न सक्छ, तर त्यसलाई दीर्घकालीन संगठन, स्पष्ट कार्यक्रम र निरन्तर जनसमर्थनमा रूपान्तरण गर्न सजिलो हुँदैन । त्यसैले ‘कक्रोच’ आन्दोलनको वास्तविक प्रभाव त्यसले कति मानिसलाई सडकमा उतार्छ भन्नेमा मात्र होइन, युवाका सरोकारलाई कति समयसम्म सार्वजनिक बहसमा कायम राख्न सक्छ र उठेका प्रश्नमा संस्थागत जवाफदेहिता सुनिश्चित गर्न सक्छ भन्नेमा निर्भर हुनेछ।

भारतको ‘कक्रोच’ आन्दोलनलाई बुझ्न दक्षिण एसियाका पछिल्ला युवा आन्दोलनसँग तुलना गर्नु उपयोगी हुन्छ । सन् २०२४ मा बंगलादेशमा सरकारी जागिरको आरक्षणसम्बन्धी विवादबाट सुरु भएको विद्यार्थी आन्दोलन व्यापक सरकारविरोधी विद्रोहमा परिणत भयो । अन्ततः शेख हसिनाले प्रधानमन्त्री पद छाडिन् र देश छाडेर भारत पुगिन् ।

नेपालमा सन् २०२५ मा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन कारण बनेर जेन-जी आन्दोलन सुरु भयो । तर, आन्दोलनको विस्तारसँगै भ्रष्टाचार, बेरोजगारी, अवसरको अभाव र पुरानो राजनीतिक नेतृत्वप्रतिको असन्तुष्टि प्रमुख विषय बने। व्यापक प्रदर्शन र हिंसात्मक घटनाक्रमपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट राजीनामा दिए।

भारतको अहिलेको आन्दोलनको तत्कालीन कारण भने मतदाता सूची पुनरावलोकन र निर्वाचन आयोगको निष्पक्षतासम्बन्धी विवाद हो । त्यसैले यी तीनवटै घटनालाई एउटै प्रकृतिका आन्दोलन भन्न मिल्दैन। न त भारतको आन्दोलन नेपाल वा बंगलादेशकै बाटोमा अघि बढ्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

तर, तीनवटै घटनामा एउटा साझा पक्ष देखिन्छ- युवाको असन्तुष्टि कुनै एउटा घटनाबाट सार्वजनिक हुन्छ, सामाजिक सञ्जालमार्फत व्यापक बहसमा पुग्छ र त्यसपछि राजनीतिक नेतृत्व तथा संस्थामाथि दबाब सिर्जना गर्न सक्छ।

यसले दक्षिण एसियाको राजनीतिमा नयाँ प्रश्न खडा गरेको छ। परम्परागत राजनीतिक दल र नेतृत्वले युवाका सरोकारलाई बेवास्ता गरिरहँदा सामाजिक सञ्जालबाट संगठित हुने नयाँ समूहले स्थापित राजनीतिक शक्तिलाई चुनौती दिन सक्छन् ।

युवा आन्दोलनको शक्ति स्थापित नेतृत्वलाई चुनौती दिनुमा मात्र सीमित हुँदैन। त्यसले राज्यका संस्थालाई जवाफदेही बनाउने, सार्वजनिक नीतिमा सुधार ल्याउने र नागरिकका अधिकार सुरक्षित गर्ने दबाबसमेत सिर्जना गर्न सक्छ।

तर, आन्दोलन उठ्नु र दिगो सुधार हुनु फरक कुरा हुन् । बंगलादेश र नेपालको अनुभवले राजनीतिक नेतृत्व परिवर्तन सम्भव भए पनि बेरोजगारी, सुशासन, भ्रष्टाचार र राजनीतिक जवाफदेहिताका समस्या स्वतः समाधान हुँदैनन् भन्ने देखाएका छन् ।

भारतमा पनि ‘कक्रोच’ आन्दोलनको भविष्य तीनवटा पक्षले निर्धारण गर्नेछ। यसले वास्तविक जनसमर्थन कति जुटाउँछ, मतदाता सूचीसम्बन्धी विवादको निष्पक्ष छानबिन हुन्छ कि हुँदैन र आन्दोलनले युवाका अन्य समस्यालाई समेत निरन्तर राजनीतिक बहसमा राख्न सक्छ कि सक्दैन ।

मोदी सरकारमाथि तत्काल सत्ता गुमाउने दबाब सिर्जना हुनु र निर्वाचन प्रक्रियाको विश्वसनीयतामाथि प्रश्न उठ्नु फरक कुरा हुन् । तर, लोकतन्त्रमा मतदानको अधिकार र निर्वाचन संस्थाको निष्पक्षतामाथि व्यापक अविश्वास पैदा भयो भने त्यसको राजनीतिक असर तत्कालीन आन्दोलनभन्दा धेरै परसम्म पुग्न सक्छ।

भारतमा ‘कक्रोच’ आन्दोलनले मोदी सरकारलाई तत्काल सत्ताच्युत गर्छ कि गर्दैन भन्ने प्रश्नको उत्तर अहिले नै दिन सकिँदैन। तर, बेरोजगारी र अवसरको अभावबाट असन्तुष्ट युवाले निर्वाचन प्रक्रियामाथि समेत प्रश्न उठाउन थाले भने त्यसलाई सामान्य विरोधका रूपमा मात्रै बुझ्न मिल्दैन ।

अब आन्दोलनको वास्तविक परीक्षा सडकमा कति मानिस उत्रिए भन्नेमा मात्र होइन, निर्वाचन आयोगले उठेका प्रश्नको जवाफ कसरी दिन्छ र युवाका असन्तुष्टिलाई राजनीतिक नेतृत्वले कति गम्भीरतापूर्वक लिन्छ भन्नेमा हुनेछ। यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** परिवार र साथीले सहयोग गर्नेछन् ।
**वृष :** बोल्दा विवेक प्रयोग गर्नुपर्ने दिन छ ।
**मिथुन :** शिक्षाको क्षेत्रमा प्रगति हुनेछ। परिवार संगको सम्बन्ध सुमधुर बन्ने योग छ ।
**कर्कट :** सहकर्मीसंग मिलेर गरेको व्यापारबाट फाइदा हुनेछ ।
**सिंह :** परिवारसंगको घुमघामको अवसरले मन शान्त बन्नेछ ।
**कन्या :** प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ । पठनपाठनमा रुची बढ्ने छ ।
**तुला :** बौटिक व्यक्तिसंगको भेटले मन शान्त बन्नेछ ।
**वृश्चिक :** बिहान उठेर गणेशको भजन सुन्न सकेमा दैनिक काम सहजै बन्नेछन् ।
**धनु :** आज यात्रा तय हुनेछ। परिक्षा लेखेको भए नतिजा राम्रो आउने छ ।
**मकर :** राजनीतिक क्षेत्रमा भने उतारचढाव बढ्ने छ ।
**कुम्भः** शिक्षाको क्षेत्रमा गरेको मेहनतको फल प्राप्त हुनेछ ।
**मीनः** धार्मिक कार्यमा सहभागी भएमा मन शान्त बन्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पिकअपको ठक्करबाट वृद्धको मृत्यु

**टुडे समाचारदाता**

बारा । पिकअप गाडीको ठक्करबाट बाराको अमलेखगञ्जमा वृद्धको मृत्यु भएपछि फरार भएका चालकलाई प्रहरीले पक्राउ गरेको छ । चालक पक्राउ परेसँगै दोषीमाथि कारबाहीको माग गर्दै स्थानीयले अवरुद्ध गरेको पथलैया-हेटौंडा सडकखण्ड पुनः सञ्चालनमा आएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका निमित्त सूचना अधिकारी एवं प्रहरी निरीक्षक बिमल खतिवडाका अनुसार पक्राउ पर्नेमा महोत्तरीको बर्दिबास नगरपालिका-१४ निवासी ३४ वर्षीय विजयकुमार साह सोनार रहेका छन् ।




सोनारलाई मकवानपुरको रातेमाटो चेकपोस्टबाट इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टको नेतृत्वमा खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।

आइतबार बिहान पथलैयाबाट हेटौंडातर्फ जाँदै गरेको मधेश प्रदेशको प्र २-०३-००१ च १७७७ नम्बरको पिकअपले जीतपुर सिमरा उपमहानगरपालिका-२२ निवासी करिब ६७ वर्षीय रामबहादुर थिडलाई अमलेखगञ्जमा ठक्कर दिएको थियो। ठक्करबाट थिडको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनापछि चालक गाडीसहित फरार भएपछि आक्रोशित स्थानीयले चालकलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न माग गर्दै सडक अवरुद्ध गरेका थिए । सडक अवरुद्ध हुँदा आइतबार बिहानैदेखि पथलैया-हेटौंडा सडकखण्ड भएर चल्ने सवारीसाधनको आवागमन प्रभावित भएको थियो ।

प्रहरीले फरार चालकलाई पक्राउ गरेपछि स्थानीयले अवरोध हटाएका हुन् । सडक पुनः सञ्चालनमा आएसँगै उक्त मार्ग भएर आवतजावत गर्ने यात्रु तथा सवारीसाधनलाई सहज भएको छ । मृतक थिडको शव पोस्टमार्टमलगायत आवश्यक कानुनी प्रक्रिया पूरा गर्न वीरगञ्जस्थित नारायणी अस्पताल पठाइएको छ ।

# गृहमन्त्री गुरुङ बिमस्टेकमा भाग लिन भारत प्रस्थान



काठमाण्डु । गृहमन्त्री सुधन गुरुङ बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगको लागि बंगालको खाडीको प्रयास (बिमस्टेक)को गृहमन्त्री स्तरीय प्रथम बैठकमा सहभागी हुन भारत प्रस्थान गर्नुभएको छ ।

उहाँ सोमबार दिउँसो १:०० बजे भारतको नयाँ दिल्ली प्रस्थान गर्नुभएको गृह मन्त्रालयले जनाएको छ । गृहमन्त्री गुरुङले यही असोज २७ गते बिमस्टेकको बैठकमा सम्बोधन गर्नुहुनेछ ।

बैठकमा नेपाल, भारत, बंगलादेश, भूटान, म्यानमार, श्रीलङ्का र थाइल्याण्डसहित सातवटै सदस्य मुलुकका आन्तरिक सुरक्षा मामिला हेर्ने मन्त्री सहभागी हुनुहुनेछ ।

त्यस बैठकमा लागुपदार्थ ओसारपसार, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी, आतङ्कवाद, विपद्जन्य सुरक्षा, साइबर अपराधलगायतका अन्तरदेशीय एवं क्षेत्रीय सुरक्षा चासोका विषयमा सहकार्य प्रवर्द्धनका लागि छलफल हुनेछ ।

मन्त्रालयका अनुसार, त्यस अवसरमा सुरक्षा क्षेत्रका बिमस्टेकस्तरीय विभिन्न संयन्त्रमा छलफल भएका विषय तथा दस्तावेजलाई पारित गर्ने र घोषणापत्र समेत जारी गरिने छ ।

बैठकमा जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दो प्राकृतिक विपद्को जोखिम न्यूनीकरण, पूर्वसूचना प्रणालीको सुदृढीकरण तथा एकीकृत उद्धार र राहतका लागि क्षेत्रीय सहकार्य बढाउने विषयलाई नेपालका तर्फबाट प्राथमिकता दिइने जनाइएको छ ।

गृहमन्त्रीका रुपमा उहाँको यो पहिलो औपचारिक वैदेशिक भ्रमण हो । बिमस्टेकअन्तर्गत महत्वपूर्ण सहकार्यको रूपमा रहेको सुरक्षा क्षेत्रको उच्चस्तरीय संयन्त्रको रुपमा रहेको उक्त बैठक पहिलोपटक भारतमा आयोजना हुन लागेको हो । उक्त संयन्त्रको परिकल्पना सन् २०१८ मा काठमाडौँमा सम्पन्न चौथो बिमस्टेक शिखर सम्मेलनले गरेको थियो ।

गृहमन्त्री गुरुङले भ्रमणका क्रममा आफ्ना समकक्षीसँग भेटघाट र द्विपक्षीय वार्ता गर्ने कार्यसूची रहेको गृह मन्त्रालयले जनाएको छ। गृहमन्त्री गुरूङ यही असोज २८ गते बुधबार स्वदेश फर्कनुहुने तालिका छ। रासस

# पेसागत सफलतामा पहिलो मानक नैतिकता, निष्ठा र इमानदारीपन चाहिन्छः प्रधानमन्त्री साह

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले कुनै पनि पेसागत सफलताका लागि पहिलो मानक नैतिकता, निष्ठा र इमानदारीपन आवश्यक रहेको बताउनुभएको छ।



राष्ट्रिय प्रहरी प्रतिष्ठान महाराजगञ्जमा सोमबार आयोजित प्रहरी निरीक्षक आधार भूत तालिम १-१८४औँ समूहको दीक्षान्त समारोहमा प्रधानमन्त्री साहले तालिममा सिकेको सिकाइलाई पूर्ण रूपमा आत्मसात् गर्न र व्यवहारमा उतार्न दीक्षित हुने सबैलाइ निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, "पेसागत आचरण र अनुशासन कायम गर्दै, संविधान, प्रचलित कानुन, नियम, कार्यविधि र मापदण्डको सही रूपमा पालना गर्नु/गराउनु व्यक्तिको पेसागत सफलता रक्षा गर्न अहमं आवश्यकता पर्दछ। जिम्मेवारीप्रति जवाफदेहिता पनि महत्वपूर्ण पक्ष हो। प्रहरी सेवामा आबद्ध रहँदै गर्दा यी कुरालाई कार्यान्वयन गर्नुहोला।"

उहाँले सधैँ अग्रभागमा उभिएर देशमा निरन्तर शान्ति सुरक्षा कायम गर्ने, अपराध अनुसन्धान गर्ने र कुनै पनि स्वतन्त्रताको राष्ट्रिय रूपमा सही ढंगको रक्षा गर्ने जिम्मेवारी नेपाल प्रहरीको काँधमा बताउनुभयो।

प्रधानमन्त्री साहले भन्नुभयो, "यो महत्वपूर्ण जिम्मेवारी निभाउँदा कुनै पनि किसिमको अनुचित प्रभावमा नपरी भेदभाव नगरी आफ्नो कर्तव्यमा कटिबद्ध रहनुहोला । एकलभावले आफ्नो भूमिका र संस्थाको गति चल्दैछ भन्ने पाटोलाई बुझेर नागरिक भावनाअनुरूप काम गर्नुपर्छ ।"

आफ्नो संगठनमा पूर्णप्रतिबद्ध भई सहयोग र सहकार्यसँगै संलग्न रहन आग्रह गर्दै प्रधानमन्त्री साहले सूचना प्रविधिको प्रयोगले कामलाई छिटो, छरितो, सहज र पारदर्शी तुल्याउन सकिने मात्र नभइ समयको बचत, समयमै अपराधको अनुसन्धान र समयै घटनालाई नियन्त्रण गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

"अपराधको निष्पक्ष, तथ्यपरक, वैज्ञानिक र प्रविधिमुखी अनुसन्धानका लागि सूचना प्रविधिको सही सदुपयोग गर्नुपर्नेछ । यसमा समग्र प्रहरी सङ्गठनको नेतृत्व र प्रशिक्षणलगायतको पनि महत्वपूर्ण भूमिका हुन्छ, "उहाँले भन्नुभयो, "सरकारले यस प्रकारको अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत र साधन उपलब्ध गराउन र यहाँहरूप्रति आफ्नो जिम्मेवारी पूरा गर्न सधैँ प्रतिबद्ध छ।"

प्रधानमन्त्री साहले सोमबार दीक्षित हुनुभएका प्रहरीहरुलाई बधाई ज्ञापन गर्दै उज्ज्वल भविष्य र सफलताको कामना गर्नुभयो । उहाँले प्रहरी सेवामा आबद्ध निरन्तर प्रेरित गर्ने परिवारजनप्रति पनि विशेष आभार व्यक्त गर्नुभयो। समारोहमा ७९ जना प्रहरी निरीक्षक दीक्षित हुनुभएको थियो ।

# ज्येष्ठ पत्रकारका लागि निवृत्तिभरण वितरण सुरु

खोटाङ । नेपाल पत्रकार महासङ्घ खोटाङले ज्येष्ठ पत्रकारका लागि निवृत्तिभरण (पेन्सन) वितरण सुरु गरेको छ।



पत्रकारिता पेसालाई मर्यादित, सुरक्षित, सम्मानित, व्यावसायिक तथा उत्तरदायी बनाउने उद्देश्यसहित पत्रकार महासङ्घले मासिक रु तीन हजारका दरले ज्येष्ठ पत्रकार पेन्सन वितरण सुरु गरेको हो ।

पत्रकार महासङ्घ खोटाङले सुरु गरेको पेन्सन सुविधा लिने पहिलो पत्रकार प्रेस स्वतन्त्रता सेनानी कृष्ण आचार्य पर्नुभएको छ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेलका ७२ वर्षीय पत्रकार आचार्यलाई दसैँ/तिहार तथा छठ पर्वका अवसर पारेर पत्रकार महासङ्घ खोटाङले आज आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा तीन महिनाको पेन्सन उपलब्ध गराइएको हो ।

पत्रकार आचार्य अहिले पनि क्रियाशील पत्रकार हुन् । पाँच दशकदेखि पत्रकारिता पेसामा क्रियाशील वरिष्ठ पत्रकार आचार्यलाई दर्जन बढी सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले सम्मान तथा पुरस्कृत गरिसकेको छ ।

ज्येष्ठ पत्रकारको हित संरक्षण, आत्मसम्मान अभिवृद्धि, सामाजिक सुरक्षा सुनिश्चितता तथा उहाँहरुको अनुभव, योगदान र समपर्णको उच्च कदर गर्न जिल्लामा 'ज्येष्ठ पत्रकार निवृत्तिभरण (पेन्सन) कोष' स्थापना गरेर वितरण सुरु गरिएको पत्रकार महासङ्घका अध्यक्ष हरिबोल आचार्यले जानकारी दिनुभयो ।

"पत्रकारिता पेसालाई मर्यादित, सुरक्षित, सम्मानित, व्यावसायिक तथा उत्तरदायी बनाउन ज्येष्ठ पत्रकार पेन्सन कोष स्थापना गरिएको छ। यसका लागि सुरुमा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कमा रु १० लाख जम्मा गरेका छौँ", उहाँले भन्नुभयो, "पेन्सन कोषबाट ६५ वर्ष पूरा गरेका पत्रकारलाई हरेक महिना मासिक रु तीन हजारका दरले पेन्सन प्रदान गर्छौं । जुन व्यक्ति २५ वर्षदेखि निरन्तर जिल्लामै रहेर पत्रकारिता पेसामा आबद्ध भएको हुनुपर्नेछ ।"

पत्रकार पेन्सन कोष नेपाल पत्रकार महासङ्घ खोटाङको मातहतमा रहनेगरी छुट्टै कोष स्थापना गरिएको छ। पत्रकारको आर्थिक तथा सामाजिक सुरक्षामा सहयोग पुऱ्याउन नेपाल पत्रकार महासङ्घ खोटाङले ज्येष्ठ पत्रकार पेन्सन कोष स्थापना गर्ने निर्णय गरिएको सचिव राजकुमार भट्टराई 'सरगम'ले जानकारी दिनुभयो ।

पेन्सन कोषबाट प्रधान सम्पादक, सम्पादक, संवाददाता, समाचार वाचक, फोटो पत्रकार, व्यङ्ग्य चित्रकार लगायतले सुविधा लिनसक्ने कार्यविधिमा उल्लेख छ।

पेन्सन कोषको सुविधा लिने ज्येष्ठ पत्रकार कुनै राजनीतिक दल वा अन्य पेसागत संस्थाको कार्यकारी पदमा नरहेको हुनुपर्नेछ । सूचना तथा प्रसारण विभाग वा प्रेस काउन्सिल नेपालको कालोसूचीमा नपरेको तथा नैतिक पतन देखिने फौजदारी अपराधमा अदालतबाट दोषी ठहर भएको व्यक्तिलाई समेत सुविधा उपलब्ध नगराइने पत्रकार महासङ्घको कार्यविधिमा उल्लेख छ।

पत्रकार महासङ्घले स्थापना गरेको पेन्सन कोषले पत्रकारिता पेसामा लामो समयदेखि योगदान दिएका पत्रकारको सम्मान तथा संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको निवर्तमान अध्यक्ष दिलीप खत्रीले बताउनुयो । पेन्सन कोषलाई थप व्यवस्थित गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारका साथै विभिन्न दातृ निकाय तथा अन्तरराष्ट्रिय सङ्घसंस्थाको सहयोग लिइने पत्रकार महासङ्घले जनाएको छ।

विसं २०६१ मा स्थापना भएको नेपाल पत्रकार महासङ्घ खोटाङमा हाल ३१ जना साधारण सदस्य हुनुहुन्छ।

पत्रकार महासङ्घ खोटाङ शाखाको आफ्नै पक्की कार्यालय भवन निर्माणको काम पनि तीव्र गतिमा भइरहेको छ।

कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको बहुवर्षीय योजनाअन्तर्गत विनियोजन भएको रु तीन करोड बजेटमा साढे दुईतले पक्की कार्यालय भवन निर्माणको काम गत चैतमा सुरु गरिएको हो।

मोहन एन्ड बैंसीगाउँ-रूपाकोट-सरस्वती जेभी खोटाङले ठेक्का प्रणालीमार्फत निर्माण सुरु गरेको पत्रकार महासङ्घको भवन विसं २०८४ पुस २३ गतेभित्र भवन निर्माणको काम सम्पन्न गर्नुपर्नेछ।

पत्रकार महासङ्घको आफ्नै कार्यालय भवन नहुँदा अहिले दिक्तेलबजारस्थित भवनगैरामा व्यक्तिको घर भाडामा लिएर कार्यसञ्चालन गर्दै आएको छ।

पत्रकार महासङ्घका लागि कृषिविज्ञ मदन राईले दिक्तेलस्थित किरातचोक नजिकै आठ आना जग्गा निःशुल्क उपलब्ध गराउनुभएको थियो । साकेला गाउँपालिका-२ रतन्छा निवासी कृषिविज्ञ राईले विसं २०६३ मा निःशुल्क जमिन उपलब्ध गराउनुभएको हो । रासस

# बुढीगण्डकी बाढीको प्रतिकार्य तीव्रः नेपाल रेडक्रस

काठमाण्डु।नेपाल रेडक्रस सोसाइटीले बूढीगण्डकी नदीमा गएको आकस्मिक बाढी प्रभावितको खोज तथा उद्धार, राहत वितरण सहित प्रतिकार्यलाई तीव्रता दिएको छ ।

आइतबार बिहान गोरखाको चुमनुब्री गाउँपालिका-६ स्थित लोक्पा र चुम्लिङको बीचमा गएको पहिरोका कारण बूढीगण्डकी नदीमा लेदोसहितको भीषण बाढी गएको थियो। बाढीका कारण तल्लो तटीय क्षेत्रमा ठूलो भौतिक क्षति भएको थियो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिरकणको प्रारम्भिक विश्लेषणअनुसार बाढीबाट पाँच जना सम्पर्कविहीन भएका छन् भने दुई पक्की पुल, दुई झोलुङ्गे पुल, तीन जलविद्युत् आयोजना, चार हवन कुण्ड, ४५ घर पूर्ण क्षति २७ आंशिक क्षति, ३४ गोठ र तीन सवारीसाधनमा क्षति भएको छ।

नेपाली सेनाको चारवटा हेलिकप्टरमार्फत नौजना विदेशीसहित ८२ जनालाई तत्काल उद्धार पनि गरिएको छ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषि खनालले बाढीको क्षतिको आकलनसहित तत्काल बाढी प्रतिकार्यमा नेपाल रेडक्रसका स्वयंसेवक परिचालन गरिएको र गैरखाद्य सामग्री प्रभावित क्षेत्रमा पुऱ्याउन काम भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बाढी गएको सूचना प्राप्त गर्नासाथ गोरखा, धादिङ, तनहुँ, चितवन, नवलपुर पूर्व र पश्चिमका स्वयंसेवकलाई परिचालन गऱ्यौं। उहाँहरुले पूर्वसूचना प्रवाहित गर्नुभयो। प्रतिकार्य जारी छ।"

बाढीको तत्काल प्रतिकार्यका लागि गैरखाद्य सामग्री सहित अन्य सामग्री प्रभावित क्षेत्रमा पठाउने काम भएको र यो कार्य जारी रहेको नेपाल रेडक्रसले जनाएको छ । महामन्त्री खनालका अनुसार हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिरकण र नेपाली सेनाको सहकार्य र समन्वयमा आइतबार नै गैरखाद्य सामग्री त्रिपाल (तारपोलियन), म्याट्रेस, ब्ल्याङ्केट, डिग्निटी किटलगायत प्रभावित क्षेत्रमा पठाइएको छ। साथै अस्पताल सञ्चालन गर्न सकिने ठूला /ठूला दुईवटा टेन्ट पनि प्रभावित क्षेत्रमा पठाइएको उहाँले जानकारी दिनुभयो ।

महामन्त्री खनालले भन्नुभयो, " क्षतिको अध्ययन गर्न विज्ञ जनशक्ति प्रभावित क्षेत्रमा परिचालन गरिसकिएको र थप आवश्यक गैरखाद्य सामग्री आज सरकारको समन्वयमा पठाइँदै छ।रासस

# मानसिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेका छौँः स्वास्थ्यमन्त्री मेहता

काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले मानसिक स्वास्थ्य सेवालाई सुदृढ, गुणस्तरीय, पहुँचयोग्य र सेवाग्राहीमैत्री बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।



विश्व मानसिक स्वास्थ्य दिवस २०२६ का अवसरमा सोमबार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आयोजनाको गरेको कार्यक्रममा उहाँले मानसिक स्वास्थ्यसम्बन्धी विषय सरकारको प्राथमिकतामा रहेको बताउनुभयो।

"सरकारका तर्फबाट म स्पष्ट पार्न चाहन्छु, मानसिक स्वास्थ्यको विषय हाम्रो प्राथमिकतामा छ । हाम्रो लक्ष्य मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिले उपचार र सहयोग खोज्दा अपमानित वा उपेक्षित महसुस गर्नुपर्ने अवस्थाको अन्त्य गर्नु हो," मन्त्री मेहताले भन्नुभयो । उहाँले प्रत्येक नागरिकले आफ्नो मानसिक स्वास्थ्यसम्बन्धी समस्या खुलेर व्यक्त गर्न सक्ने, समयमै आवश्यक सहयोग पाउने र सम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

मानसिक स्वास्थ्य सेवालाई व्यवस्थित बनाउन आवश्यक कानुनी आधार निर्माण गर्नु सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै मन्त्री मेहताले मानसिक स्वास्थ्यसम्बन्धी अवधारणापत्र मन्त्रिपरिषद्बाट पारित भइसकेकाले त्यसैका आधारमा ऐन निर्माणको अघि बढाइने स्पष्ट पार्नुभयो।

उहाँले मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिले उपचारका लागि भौतारिनुपर्ने अवस्था अन्त्य गर्दै प्रारम्भिक उपचारदेखि विशेषज्ञ सेवासम्म सहज पहुँच स्थापित गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले १०० शय्याभन्दा बढी क्षमताका अस्पतालमा मानसिक स्वास्थ्य सेवाका लागि आवश्यक शय्या छुट्याउने तथा सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयलाई प्राथमिकताका साथ अघि ढाइने प्रतिबद्धता जनाउनुभयो। रासस

# राष्ट्रसेवकले पदीय दुरुपयोग गर्न हुन्नः महानिरीक्षक कार्की

काठमाण्डु । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले जनता प्रतिको कर्तव्य पूरा गर्ने जिम्मेवारी पाएका राष्ट्रसेवक प्रहरीले पदीय दुरुपयोग गर्न नहुने बताउनुभएको छ।




उहाँले व्यक्तिगत स्वार्थ, अनुचित प्रभाव र पदीय अधिकार दुरूपयोग गर्दा प्रहरी सङ्गठन नै बदनाम हुने हुदाँ त्यसतर्फ हेक्का राख्न उहाँले आग्रह गनुभयो ।

राष्ट्रिय प्रहरी प्रतिष्ठान महाराजगञ्जमा आज आयोजित प्रहरी निरीक्षक आधार भूत तालिम १-१८४औँ समूहको दीक्षान्त समारोहमा सम्बोधन गर्दा उहाँले सो कुरा बताउनुभएको हो ।

सो समारोहमा उहाँले प्रहरीको नेतृत्व आदेशमा नभई उदाहरणमा देखिनुपर्ने बताउनुभयो।

दीक्षित हुने प्रहरी निरीक्षकलाई बधाई तथा शुभकामना दिँदै उहाँले लिएको शपथलाई व्यवहारमा जनताप्रति नरमभाव राखी काम गर्न निर्देशन दिनुभयो। "सेवाग्राहीप्रतिको व्यवहारदेखि, अनुसन्धानको गुणस्तर, कर्मचारीको मनोबलदेखि अनुशासन, समुदायसँगको सम्बन्धदेखि कठिन परिस्थितिमा लिइने निर्णयसम्म नेतृत्वको वास्तविक मूल्याङ्कन गर्नेछन्," उहाँले भन्नुभयो प्रहरीको पोसाकले परिचय दिए जस्तै आचरणले नेपाल प्रहरीको परिचय बनाउने उहाँको भनाइ थियो । "प्रहरीको यो पदले अधिकार दिन्छ, चरित्रले उक्त अधिकारलाई वैधता दिन्छ। त्यसैले, पदीय मर्यादा, व्यावसायिक निष्ठा, इमानदारिता र अनुशासनमा कुनै सम्झौता गर्नुहुने छैन," उहाँले भन्नुभयो।

महानिरीक्षक कार्कीले तालिम समापन भए पनि प्रहरी अधिकृतका रूपमा वास्तविक परीक्षा सुरु हुने उल्लेख गर्नुभयो ।

प्रहरी निरीक्षकको पद केवल एउटा दर्जा मात्रै नभई यो निर्णय गर्ने सामर्थ्य र उत्तरदायित्व बहन गर्ने योग्यताको महत्वपूर्ण परीक्षा भएको उहाँको भनाइ थियो ।

उहाँले सेवाका क्रममा भय, प्रलोभन, माया र द्वेषभावबाट मुक्त भई प्रस्तुत हुन निर्देशन दिँदै यो नै प्रहरी सेवाको मूल नैतिक आधार भएको बताउनुभयो ।

समारोहका प्रमुख अतिथि प्रधानमन्त्री वालेन्द्र शाहले सर्वोत्कृष्ट प्रशिक्षार्थी चोपबहादुर डेँगालाई कुलानन्द विद्या पुरस्कार प्रदान गर्नुभयो । प्रशिक्षार्थीले प्रधानमन्त्रीको सम्मानमा कार्यक्षेत्र प्रवेश कवाज प्रदर्शन गरेका थिए । साथै नेपाल सङ्गीत विद्यालयद्वारा साङ्गीतिक धुन प्रस्तुत गरिएको थियो ।

नेपाल सरकारका मुख्यसचिव गोविन्दबहादुर कार्कीले विभिन्न विधामा उत्कृष्ट प्रशिक्षार्थीहरुलाई पुरस्कार वितरण गर्नुभयो।

पुरस्कृत हुनेमा प्रहरी निरीक्षक चोपबहादुर डेंगा (अध्ययन विधा), गोपाल राई (शारीरिक क्षमता तथा आत्मबल अभिवृद्धि), रामकुमार जिटी (प्रहरी युक्ति तथा कारबाही), विकासकुमार धामी (चाँदमारी), विशाल पौडेल (सर्वतृतीय) र बालकृष्ण पोखेल (सर्वद्वितीय) हुनुहुन्थ्यो।

दीक्षित हुने प्रहरी निरीक्षकहरूलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीले शपथ खुवाउनुभएको थियो।

प्रशिक्षार्थीले धार्मिक ग्रन्थ स्पर्श गरी शपथ ग्रहण गरेका थिए। प्रतिष्ठानका प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले तालिमसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभयो।

त्यस अवसरमा ७९ जना प्रहरी निरीक्षक दीक्षित हुनुभयो। रासस

# जचुकालिको लेनदेनको दाबी गर्न २१ दिने सूचना




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको जनकपुर चुरोट कारखाना लिमिटेडले सरोकारवालालाई दाबी पेस गर्न २१ दिने सूचना जारी गरेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको यस कारखानाको सम्पत्ति तथा दायित्व मूल्यांकन (डीडीए) सम्पन्न भएपछि बक्यौता र दायित्व फरफारकका लागि सूचना जारी गरेको हो।

मन्त्रिपरिषद्को बैठकले २०८२ साल वैशाख १५ गते कारखानामा रहेको सरकारी लगानी व्यवस्थापन गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार अर्थ मन्त्रालयबाट खटिएको विज्ञ टोलीले डीडीए सम्पन्न गरेको हो।

कारखानाले सोमबार एक सार्वजनिक सूचना जारी गर्दै कारोबार गर्ने ग्राहक, कर्मचारी तथा अन्य सरोकारवालालाई प्रमाणसहित दाबी पेस गर्न भनेको छ । 'कुनै निकायबाट भएको फैसला वा निर्णयबमोजिम लेनदेन पर्ने हरहिसाब भएमा', कारखानाको सूचनामा भनिएको छ, 'जग्गा रोक्का, बिमा वा कर्मचारी सेवा सुविधासम्बन्धी कुनै दाबी भएमा २१ दिनभित्र सम्पर्क गर्नुपर्नेछ।'

यसबाहेक उद्योगलाई तिर्न वा बुझाउन बाँकी बक्यौता भएमा पनि तोकिएको समयभित्रै सरोकारवाला व्यक्ति वा संस्थाले सम्पर्क गर्नुपर्ने सूचनामा उल्लेख छ। तोकिएको म्यादभित्र दाबी पेस नभएमा कानुनअनुसार अघि बढ्ने चेतावनी कारखानाले दिएको छ।

कारखानाले प्रस्ट पारेको छ, 'उल्लिखित समयभित्र कुनै दाबी पर्न नआएमा प्रचलित कानुनबमोजिम प्रक्रिया अगाडि बढाइनेछ ।' म्याद गुज्रेपछि उद्योग उपर कसैको पनि कुनै दाबी नलाग्ने सूचनामा जनाइएको छ।

दाबी पेस गर्नका लागि धनुषाको जनकपुरस्थित उद्योग स्थलमा सम्पर्क गर्न सकिनेछ। यसैगरी ९८४५१०५००८ नम्बरको फोन वा तोकिएको इमेल ठेगाना इपि डिभिजन एमओआइसिएस एट जिमेल डटकममार्फत पनि सम्पर्क गर्न सकिने व्यवस्था मिलाइएको छ।

## दशैंमा पनि जनकपुरधाम बजार सुनसान

# भारतीय बजार र सामाजिक सञ्जालको व्यवसायीहरुको बुझाई

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालीहरुको चाड दसैं, तिहार एवं छठ नजिकिएसँगै जनकपुरधाममा अहिले निकै चलहपहल बढेको छ । नगरभित्र रहेको मन्दिरहरू आकर्षक ढंगले दुलही झैं सिँगारिएको छ, तर बजारमा व्यापार व्यवसाय खासै बढ्न नसकेको देखिन्छ।

मधेस प्रदेशको प्रमुख व्यापारिक केन्द्र जनकपुरधाममा यस वर्ष दसैंमा पनि व्यापार बढ्न सकेको छैन । चाडपर्वकै लागि भनेर नयाँ स्टक भित्र्याएका सामानहरू बिक्री नहुँदा व्यवसायीहरू चिन्तित भएका छन्। चाडपर्वको बेला पनि बोहनी हुन मुस्किल हुने गरेको कतिपय व्यवसायीको भनाइ छ।

सामग्री किनमेलको लागि नगरको जनकचोक, शिवचोक, रामानन्दचोक, पिडारीचोक, भानुचोक, पुल्चोक मुरली चोक लगायतका क्षेत्रमा कपडा, जुत्ता, कस्मेटिक, इलेक्ट्रोनिक्स तथा अन्य सामानका पसलहरूमा यतिबेला भिडभाड हुनुपर्ने हो, तर यी मुख्य चोकका पसल नै सुनसान देखिन्छन्।

व्यापारीहरू दसैं भित्रिसक्दा पनि अन्य दिनसरह नै अनुभव भइरहेको बताउँछन् । विगतका वर्षमा दसैं आउनुभन्दा एक महिना अघिदेखि नै व्यापार बढ्ने गरे पनि यो वर्ष बजारमा अपेक्षाअनुसार ग्राहक नआएको व्यवसायीहरूको गुनासो छ । गोपाल धर्मशालामा लगाइएको सस्ता बजारमा केही चहलपहल देखिएपनि बजार सुनसान नै छन्।

जनकचोकमा रेडिमेड कपडा पसल सञ्चालन गर्दै एक व्यवसायी भन्छन दसैंका लागि नयाँ सामान मगाए पनि बिक्री नहुँदा चिन्ता बढाएको छ । 'चाडपर्वमा पनि व्यापार छैन, दिनभरि पसलमा बस्छु, तर बोहनीसमेत हुँदैन,' उनले भने, 'दसैंका लागि नयाँ स्टक मगाएको छु। तर बिक्री नै छैन । सबै



सामान त्यसै थन्किने हो कि भन्ने चिन्ता लागेको छ।' दसैंमा लत्ताकपडाको व्यापार राम्रो हुने अपेक्षा गरिए पनि यसपटक बजारमा त्यसअनुसार कारोबार हुन नसकेको व्यापारीहरूको भनाइ छ।

पिडारीचोकमा कपडा पसल सञ्चालन गर्दै आएका परमेश्वर सहनीका अनुसार विगतका वर्षमा दसैं आउनुभन्दा एक महिनाअघिदेखि नै व्यापारमा उल्लेख्य वृद्धि हुन्थ्यो । तर यसपटक व्यापार निकै कमजोर भएको उनी बताउँछन्।

उनका अनुसार व्यापार घटेको छ, तर घरभाडा, कर्मचारीको तलब, विद्युत् र अन्य खर्च नियमित रूपमा तिर्नुपर्ने भएकाले बिक्री कम हुँदा आर्थिक दबाब परेको छ। यस्तो चाडपर्वको बेला पनि व्यापार नहुँदा विशेषगरी साना तथा मझौला व्यवसायीलाई पसल सञ्चालन गर्न पनि अप्ठ्यारो परेको छ।

यस्तो हुनुमा मुख्य गरेर नजिकै भारतीय सीमावर्ती र दशैं बजार रहेको उनीहरुको ठम्याई छ। अधिकांश ग्राहक सस्तो पाउने लोभमा भारतीय बजार र सस्ता बजारतिर नै आकर्षित हुन्छन् । उता व्यापार बढ्छ, यता जस्ताको त्यस्तै रहन्छ।

व्यवसायीहरूका अनुसार जनकपुरधामको बजारमा उपभोक्ताको खर्च गर्ने क्षमता, खरिद गर्ने बानी र बजारमा बढेको प्रतिस्पर्धाले पनि व्यापारलाई असर पारेको छ । पहिले चाडपर्वका लागि नयाँ कपडा र अन्य सामग्री खरिद गर्ने ग्राहक अहिले आवश्यकताअनुसार मात्र सामान किन्न थालेका छन् । यसले गर्दा पनि व्यापारमा असर परेको छ । दशैं जस्ता चाडतिहारमा पनि उनीहरुलाई सटर भाडा तिर्ने धौ धौ समेत भएको छ।

### सामाजिक सञ्जालले पनि प्रभावित

यस्तै, सामाजिक सञ्जालमार्फत गरिने प्रचारप्रसार र अनलाइन बजारको प्रतिस्पर्धाले पनि स्थानीय व्यवसायीलाई चुनौती थपेको व्यापारीहरूको भनाइ छ। उनीहरु भन्छन सामाजिक सञ्जाल फेसबुक र टिकटकबाट सस्तो मूल्य देखाएर ग्राहक आकर्षित गर्ने प्रवृत्तिले पनि स्थानीय पसलको व्यापार प्रभावित भएको बताए।

सामाजिक सञ्जालमा सामानको मूल्य र गुणस्तर त्यति ध्यान नदिइने भएकाले अनलाइनबाटै खरिद गर्न सकिने सुविधाले ग्राहकको खरिद व्यवहारमा परिवर्तन आएको व्यवसायीहरू बताउँछन् । उनीहरूका अनुसार बजारमा प्रतिस्पर्धा बढ्दै जाँदा ग्राहकलाई आकर्षित गर्नुपर्ने तीव्र प्रतिस्पर्धा छ, तर बिक्री बढाउन मूल्य घटाएर व्यापार गर्न सक्ने अवस्था नरहेको उनीहरूको भनाइ छ।

व्यवसायीहरु भन्छन् महिनौदेखि राखिएको पुराना स्टक र कम्पनीका रिजेक्ट माल फोटो र दृश्यमा एआई प्रयोगले आकर्षक बनाई सामाजिक सञ्जालमा गरिएको प्रदर्शनले ग्राहकले ती वस्तुको गुणस्तरीयता नहेरी किन्ने गरेका छन्। तर आफूहरुले ब्राण्डेड र गुणस्तरीय सामान त्योभन्दा केही बढी मूल्य लिँदा महँगो भनेर छाड्ने गरेका छन्।

सामाजिक सञ्जालमा गरिने भ्रामक प्रचार नियन्त्रण गर्न राज्यपक्षले जरुरी रहेको उनीहरुको भनाई छ । व्यवासयीहरु भन्छन सामाजिक सञ्जालको प्रचार प्रसारले ठगी हुने, राज्यको राजश्व छल्ने, स्थानीय मिडियाको विज्ञापन रोक्ने लगायतका काम हुने भएकाले राज्य पक्षले नियन्त्रण गरेन भने आफूहरुलाई पलायन हुने अवस्था आउन सक्छ।

# विद्युत महसुलको बक्यौताले दशैंमा खानेपानी संकट

**टुडे समाचारदाता**

रौतहट । विद्युत महसुलको बक्यौताले रौतहटको कटहरिया नगरपालिकामा दशैंको मुखमै खानेपानी संकट निम्त्याएको छ। खानेपानी उपभोक्ता समितिको विद्युत लाइन काटिएपछि कटहरिया नगरपालिका-४ र ५ का करिब १ हजार ६ सय परिवार तीन दिनदेखि खानेपानीबाट वञ्चित भएका छन्।

हिन्दुहरूको महान् पर्व बडा दशैं नजिकिँदै गर्दा खानेपानीजस्तो आधारभूत सेवा अवरुद्ध भएपछि स्थानीय बासिन्दा समस्यामा परेका छन्। नगरपालिकाले खानेपानी निःशुल्क उपलब्ध गराउने घोषणा गरे पनि त्यसका लागि आवश्यक विद्युत महसुल भुक्तानी गर्न नसक्दा सर्वसाधारणले सास्ती खेप्नुपरेको हो।

नगरपालिका-५ स्थित खानेपानी उपभोक्ता समितिको विद्युत लाइन नेपाल विद्युत प्राधिकरणको मौलापुर शाखाले तीन दिनअघि काटेको थियो। लामो समयदेखि विद्युत महसुल नतिरेपछि लाइन काट्नुपरेको प्राधिकरणले जनाएको छ। विद्युत आपूर्ति बन्द भएसँगै खानेपानी वितरणसमेत ठप्प भएको छ । नेपाल विद्युत प्राधिकरण मौलापुर शाखाका प्रमुख उमेश दासका अनुसार खानेपानी उपभोक्ता समितिको



करिब १० लाख रुपैयाँ विद्युत महसुल बक्यौता छ। पटक-पटक रकम भुक्तानी गर्न ताकेता गर्दा पनि बक्यौता नतिरेपछि बाध्य भएर विद्युत मिटर खोलिएको उनले बताए।

महसुलको भार नागरिकमाथि

विद्युत महसुल नतिरेको विषयमा स्थानीय जनप्रतिनिधिहरूले नगरपालिकाको नेतृत्वमाथि प्रश्न उठाएका छन्। कटहरिया-४ का वडाध्यक्ष चन्दन कुशवाहाले नगरप्रमुख अजयप्रकाश जैसवालको लापरवाहीका कारण समयमै महसुल भुक्तानी नभएको आरोप लगाए । उनका अनुसार विद्युत महसुल समयमै बुझाइएको भए नागरिकले दशैंको मुखमा खानेपानीका लागि भौंतारि नुपर्ने अवस्था आउने थिएन।

कटहरिया-५ का वडाध्यक्ष सर्फलाल गुप्ताले पनि खानेपानीको विद्युत लाइन काटिएर सेवा अवरुद्ध भएको यो पहिलो घटना नभएको बताए। उनका अनुसार यसअघि पनि यस्तै समस्या पटक-पटक दोहोरिँदै आएको छ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साहले नगरपालिकाले खानेपानी निःशुल्क घोषणा गरे पनि त्यसको सञ्चालनमा लाग्ने विद्युत महसुल भुक्तानी नगर्दा उपभोक्ता मारमा परेको बताए।

उनका अनुसार पूर्वनगरप्रमुखको कार्यकालमा खानेपानी सञ्चालनबापतको विद्युत महसुल नगरपालिकाले नै तिर्दै आएको थियो। तर, पछिल्लो समय बक्यौता बढ्दै जाँदा खानेपानी सेवा नै बन्द हुने अवस्था आएको हो।

खानेपानी निःशुल्क उपलब्ध गराउने घोषणा गर्नु र त्यसलाई नियमित सञ्चालन गर्नु फरक विषय हुन्। आवश्यक बजेट, विद्युत महसुल र व्यवस्थापनको सुनिश्चितता नहुँदा निःशुल्क सेवाको घोषणा नै नागरिकका लागि समस्या बनेको स्थानीयको गुनासो छ।

तीन दिनदेखि खानेपानी नपाउँदा स्थानीय बासिन्दा नगरपालिका तथा जनप्रतिनिधिप्रति आक्रोशित बनेका छन्। पर्वको समयमा सरसफाइ, खाना पकाउने र दैनिक उपभोगका लागि पानी आवश्यक पर्ने भए पनि सेवा बन्द हुँदा थप कठिनाइ भएको उनीहरूको भनाइ छ।

उपभोक्ताहरूले विद्युत महसुलको बक्यौता तत्काल भुक्तानी गरी खानेपानी सेवा सञ्चालन गर्न माग गरेका छन् । माग सम्बोधन नभए नगरपालिका विरुद्ध आन्दोलनमा उत्रिने उनीहरूले चेतावनी दिएका छन्।

# सामाजिक सञ्जालमा डरत्रास देखाउने दुईजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सामाजिक सञ्जाल डरत्राससहितका अपराधिक चरित्र देखाउने जनकपुरधामका दुईजना युवकलाई धनुषा प्रहरीले पक्राउ गरेको छ । सामाजिक सञ्जाल फेसबुकमा खुकुरी देखाउँदै डरत्रास फैलाउने प्रकृतिको आपत्तिजनक तस्बिर पोस्ट गरेको आरोपमा जनकपुरधामउपमहानगरपालिका-१३ धाताटोल निवासी अन्दाजी १८ वर्षीय काले भन्ने सुमन पटेललाई धनुषा प्रहरीले नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालयका अनुसार पटेलले फेसबुकमा धारिलो हतियार खुकुरी देखाएर त्रास फैलाउने प्रकृतिको तस्बिर अपलोड गरेको पाइएको थियो । सोही आधारमा प्रहरीले उनलाई आइतबार साँझ करिब साढे ५ बजे घरबाटै नियन्त्रणमा लिएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक




ओमप्रकाश खनालका अनुसार पक्राउ परेका युवकमाथि अनुसन्धान भइरहेको छ । घटनामा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

यस्तै सामाजिक सञ्जाल टिकटकमार्फत डरत्रास, धाकधम्की तथा सामाजिक हिंसा फैलाउने प्रकृतिको भिडियो सार्वजनिक गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-१९ निवासी अन्दाजी २१ वर्षीय काले भन्ने पशुपति पासवानलाई पक्राउ गरिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पासवानले टिकटकमा समाजमा डरत्रास र धाकधम्की सिर्जना गर्नुका साथै हिंसा फैलाउन सक्ने प्रकृतिको भिडियो अपलोड गरेको पाइएको थियो । सोही आधारमा प्रहरीले उनलाई सोमबार बिहान करिब ८:३० बजे आफ्नै घरबाट नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले घटनाबारे जानकारी दिँदै पक्राउ परेका युवकउपर अनुसन्धान भइरहेको र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइएको बताएका छन्।

सामाजिक सञ्जालको प्रयोग गरी समाजमा डरत्रास, धाकधम्की तथा हिंसा फैलाउने गतिविधि गरेको आरोपमा प्रहरीले अनुसन्धान अघि बढाएको हो।

# बालुवा गिट्टी उत्खन्न गर्ने ट्र्याक्टरहरु नियन्त्रणमा

**टुडे समाचारदाता**

राजविराज । अवैध रूपमा बालुवा उत्खनन गरिरहेको अवस्थामा डिभिजन वन कार्यालय सप्तरीले चार वटा ट्र्याक्टर र एउटा टिपर नियन्त्रणमा लिएको छ । सप्तरीको सप्तकोशी नगरपालिका ५ स्थित गंगाजली खोलाबाट बालुवागिट्टी उत्खन्न



गरिरहेको अवस्थामा ती ट्र्याक्टरहरु नियन्त्रणमा लिइएको हो।

सबडिभिजन वन कार्यालय कञ्चनपुरको गस्ती टोलीले गंगाजली खोलामा उत्खनन गरिरहेका मधेस प्रदेश ०१-००१ त ३५८५, मधेस प्रदेश ०१-००१ त ३२२९, स १ त ६८३१ र स १ त ६७३१ नम्बरका चार वटा ट्र्याक्टर हरूलाई नियन्त्रणमा लिएको हो। नम्बर प्लेटसमेत स्पष्ट नदेखिएका ती ट्र्याक्टरमार्फत दिउँसै अवैध रूपमा बालुवा उत्खनन भइरहेको वन कार्यालयले जनाएको छ।

यसैबिच, फत्तेपुर-कञ्चनपुर सडकखण्डअन्तर्गत धरमपुरबाट ना ५ ख ८८६० नम्बरको टिपर अवैध रूपमा बालुवा बोकेर गुडिरहेको अवस्थामा नियन्त्रणमा लिइएको छ। नियन्त्रणमा लिइएका सम्पूर्ण सवारीसाधनहरूलाई अनुसन्धानका लागि सबडिभिजन वन कार्यालय कञ्चनपुरमा राखिएको र संलग्न व्यक्ति तथा सवारीसाधनमाथि प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख मनोज ठाकुरले जानकारी दिए।

बालुवा बोकेको टिपरबाट फेला परेको 'लक्ष्मी साह कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.लि.' को बिलमाथि पनि वन कार्यालयले गम्भीर शङ्का व्यक्त गरेको छ। सप्तकोशी नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा रूपनगर र भरुवाखालमा घाटगद्दी (स्टक) गरिएको ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल उठाउने जिम्मेवारी उक्त कम्पनीलाई दिएको थियो । तर, घाटगद्दीमा रहेको सामग्री उठाउन अनुमति दिइएकोबारे नगरपालिकाबाट आफूहरूलाई कुनै पूर्वसूचना नआएको डिभिजन प्रमुख ठाकुरले बताए।

उ त ा , सप्तकोशी नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद ढकालले गंगाजली र अमाह खोलाको नयाँ ठेक्का अझै नलागेको पुष्टि गरेकाछन् । "अघिल्लो ठेक्का असारमै सकिएको हो। नयाँ ठेक्काका लागि आवश्यक प्रक्रिया अघि बढाएका छौं र नियमित अनुगमन गरिदिन जिल्ला समन्वय समितिलाई पत्राचारसमेत गरिसकेका छौं," उनले भने।

नयाँ ठेक्का प्रक्रिया नटुंगिँदै खोलाबाट भइरहेको प्राकृतिक स्रोतको अवैध दोहन र बरामद बिलको आधिकारिकताबारे वन कार्यालयले सूक्ष्म अनुसन्धान अघि बढाएको छ।

# ३१ वर्षपछि सुनचाँदी व्यवसायी संघ सञ्चालन



**टुडे समाचारदाता**

जनकपुरधाम । स्थापनाको ३१ वर्षपछि जनकपुरधाम सुनचाँदी व्यवसायी संघले विधिवत् रूपमा कार्यालय सञ्चालनमा ल्याएको छ । संघको संस्थागत विकास, व्यवसायीबीच समन्वय तथा सुनचाँदी व्यवसायसँग सम्बन्धित समस्या समाधान गर्ने उद्देश्यले कार्यालय सञ्चालनमा ल्याइएको जनाइएको छ।

संघका अध्यक्ष राजीव कुमार साह 'चन्दन'का अनुसार कार्यालय सञ्चालनमा आएसँगै सुनचाँदी व्यवसायीहरूलाई आफ्ना समस्या, गुनासा तथा व्यवसायसँग सम्बन्धित विषयमा छलफल र समन्वय गर्न सहज हुनेछ।

अध्यक्ष साहले लामो समयदेखि संस्थागत रूपमा कार्यालय सञ्चालनको आवश्यकता महसुस हुँदै आएको उल्लेख गर्दै अब संघका गतिविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउने दिशामा काम गरिने बताए । संघलाई व्यवसायीहरूको साझा संस्थाका रूपमा स्थापित गर्दै उनीहरूको हकहित संरक्षण, व्यवसायिक एकता र संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखिने उनको भनाई छ।

उनले सुनचाँदी व्यवसायमा देखिने विभिन्न समस्या समाधानका लागि सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । साथै, व्यवसायीहरूलाई संघमा आबद्ध भई एकताबद्ध रूपमा आफ्ना हकहितका पक्षमा आवाज उठाउन पनि उनले आग्रह गरे।

स्थापनाको ३१ वर्षपछि कार्यालयको विधिवत् सञ्चालनले जनकपुरधामका सुनचाँदी व्यवसायीहरूलाई संस्थागत रूपमा संगठित गर्न र संघका गतिविधिलाई निरन्तरता दिन सहयोग पुग्ने विश्वास गरिएको अध्यक्ष साहले बताए।

# ध्वनि प्रदुषण गर्ने २४ मोटरसाइकल प्रहरी नियन्त्रणमा

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजना अन्तर्गत ध्वनि प्रदूषण गर्ने तथा ट्राफिक नियम उल्लंघन गरी कुदाइएका २४ वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ।

दुर्घटना न्यूनीकरण तथा



ट्राफिक व्यवस्थापन अभियान अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न स्थानबाट ती मोटरसाइकल नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

प्रहरीका अनुसार ठूलो आवाज निकाल्ने, तीव्र गतिमा जिगज्याग शैलीमा मोटरसाइकल चलाउने, मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने तथा स्वरूप परिवर्तन (मोडिफाइ)गरिएकामोटरसाइकलहरू कारबाहीको दायरामा ल्याइएको हो।

नियन्त्रणमा लिइएका म ो ट र स ा इ क ल म ध्य े केहीमा नम्बर प्लेट नभएको र एउटा परीक्षण नम्बर प्लेट प्रयोग गरिएको मोटरसाइकलसमेत रहेको प्रहरीले जनाएको छ । ती मोटरसाइकलमाथि आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ।

चाडपर्वका बेला सवार ीसाधनको चाप बढ्ने र लापरबाहीपूर्ण सवारी सञ्चालनका कारण दुर्घटनाको जोखिमसमेत बढ्न सक्ने भएकाले प्रहरीले ट्राफिक व्यवस्थापन तथा सुरक्षा अभियानलाई तीव्रता दिएको हो।

ट्राफिक नियमको पूर्ण पालना गरी सवारीसाधन चलाउन जिल्लावासीलाई जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले आग्रह गरेका छन्।

उनले सडक दुर्घटनाबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न प्रहरीको अभियानमा सहयोग गर्नसमेत अनुरोध गर्दै प्रहरीले चाडपर्वको समयमा सवार ीसाधन चलाउँदा तीव्र गति, ध्वनि प्रदूषण तथा मादक पदार्थ सेवन गरी सवारी चलाउनेजस्ता गतिविधि नगर्न सचेत समेत गराएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८